नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(..........................................शाखा)

प.सं. : ०७५/०७६
च.नं. : २०१

सिंहदरवार, काठमाण्डौं

मिति २०७५।०६।१२

## प्रेस विज्ञप्ति

माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानु भक्त ढकालसंग नेपालका लागि जापानका महामहिम राजदूत Masamichi Saigo ले माननीय मन्त्रीज्यूको कार्यकक्षमा शिष्टाचार भेट गर्नु भयो । भेटका अवसरमा नेपाल र जापान बीचको लामो र सौहार्दपूर्ण कुटनीति सम्बन्धको महत्वलाई स्मरण गर्दै आपसी सहयोग आदानप्रदानका समसामयिक विषयमा छलफल भएको थियो । महामहिम राजदूतवाट संविधान कार्यान्वयनसंग सम्वन्धित कानून निर्माण तथा विद्यमान कानूनको संसोधन तथा मुलुकी संहिताको विषयमा जिज्ञासा राख्नु भएको थियो । भेटघाटका अवसरमा माननीय मन्त्रीज्यूले संविधान कार्यान्वयनको अवस्था, मुलुकी संहिताको कार्यान्वयन तथा संक्रमणकालीन न्याय व्यवस्थापनका लागि गरिएका प्रयास र सरकारको प्राथमिकताका विषयमा जानकारी गराउनु भएको थियो । साथै सो अवसरमा माननीय मन्त्रीज्यूले संविधान कार्यान्वयन, नयाँ कानून निर्माण तथा विधमान कानूनमा संसोधन, आर्थिक सम्मृद्धि र सुशासनजस्ता पक्षमा नेपाल सरकारको उच्च प्राथमिकता रहेको जानकारी गराउनु भएको थियो ।

रमेश ढकाल
प्रवक्ता एवं सहसचिव

फोन: ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फ्याक्स नं.: ४-२११६८४